प्रदेश खेलकुद परिषद, गण्डकी
पोखरा, नेपाल
PROVINCE SPORTS COUNCIL, GANDAKI
Pokhara, Nepal

मिति/Date: २०७८ / ०३ / ०१

च.नं/Ref. No.: १७

श्रीमान पालिकाका शिक्षा महाशाखा प्रमुख **ज्युहरु**,
विभिन्न संस्थाका अध्यक्ष ज्युहरु,
विद्यालयका प्रचार्य ज्युहरु,

**विषयः जुन २३ अन्तर्राष्ट्रिय ओलम्पिक डे (International Olympic Day - 2021) सन्दर्भमा ।**

उपरोक्त सम्बन्धमा विश्व महामारीका रुपमा फैलिएको कोभिड १९ का कारण यतिबेला खेलकुदका गतिविधीहरु ठप्प प्राय रहेको छ । तर पनि प्रदेश खेलकुद परिषद गण्डकीले **अन्तर्राष्ट्रिय ओलम्पिक डे (International Olympic Day)** को सुखद अवसरमा **गण्डकी प्रदेश स्तरिय मावी वक्तृत्वकला प्रतियोगिता** आयोजना गरिएको व्यहोरा जानकारी गराउदछौं ।

संसार भरी अन्तराष्ट्रिय ओलम्पिक कमिटी अन्तर्गत २०६ वटा सदस्य राष्ट्रहरुमा विविध गतिविधिहरुको आयोजना गरि मनाउने सन्दर्भमा प्रदेश खेलकुद परिषदले पनि प्रदेशको भिजन **"राष्ट्रिय गरिमा र सामाजिक रुपान्तरणका लागि खेलकुद" (Sports for National Dignity and Social Transformation)** विषयक वक्तृत्वकला प्रतियोगिता जुम प्रविधीबाट अनलाइन मार्फत आयोजना गरिने भएको छ । उक्त प्रतियोगितामा कक्षा ८ देखि १२ कक्षाका विद्यार्थीहरुको सहभागिता हुने भएकोले यहाँहरुले आफ्नो पालिका अन्तर्गत रहेका सामुदायिक तथा निजी विद्यालयहरु र उनीहरुको छाता संस्थाहरु जस्तै PABSON, NPABSON, HISSAN लगायत सबै सरोकारवालाहरुलाई पत्राचार गरी धैरै भन्दा धैरै विद्यार्थीहरुको सहभागिता गराइ कार्यक्रम सफल पार्न सहयोग गरिदिनुहुन सादर अनुरोध गर्दछु ।

नोट

प्रतियोगिता बारे थप सम्पूर्ण जानकारी तथा नियमहरु यसै पत्र साथ संलग्न गरिएको व्यहोरा अनुरोध छ ।

तेज बहादुर गुरुङ
सदस्य सचिव

## प्रदेश खेलकुद परिषद गण्डकी र जिल्ला खेलकुद विकास समिति कास्कीको आयोजना, नेपाल ओलम्पिक कमिटिको तत्वधान र स्पोर्ट्स फर अल कमिसन तथा भूतपूर्व खेलाडी मंच नेपालको संयोजनमा आयोजित

## अन्तराष्ट्रिय ओलम्पिक दिवस २०२१

# गण्डकी प्रदेश मावि स्तरिय वक्तृत्वकला प्रतियोगिता

प्रतियोगिताका नियमहरु

१. एक विद्यालयबाट कम्तिमा एक छात्रा सहित ३ जना (कक्षा ८ देखि १२) विद्यार्थीले सहभागिता जनाउन पाउनेछन ।

२. सहभागी विद्यार्थीहरुले आफ्नो विद्यालयको सिफारिस गरिएको पत्र तल उल्लेखित इमेलमा अनिवार्य पेश गर्नुपर्नेछ ।

३. सहभागीहरुले प्रदेश खेलकुदले तय गरेको Vision **"राष्ट्रिय गरिमा र समाज रुपान्तरणका लागि खेलकुद"** विषयमा शुद्ध नेपाली भाषामा आफ्नो धारणा राख्नु पर्नेछ । विषय वस्तु भन्दा बाहिर आफ्ना धारणा राखेमा मान्यता दिइनेछैन ।

४. प्रतियोगिता जुम प्रविधी मार्फत हुनेछ । सबै सहभागीलाई सम्वन्धितको इमेल मार्फत जुम आइडी र पासवर्ड पठाइनेछ ।

५. सहभागी विद्यार्थीहरुलाई दिएको विषय वस्तुमा ३ देखि ५ मिनेट भित्र आफ्नो धारणा राखिसक्नु पर्नेछ । लिखित रुपमा गरिएका वा भनिएका विषय वस्तुलाई मान्यता दिइने छैन ।

६ प्रतियोगिता दुई चरणमा हुनेछ । पहिलो चरणबाट १० जना छनोट हुनेछन भने दोश्रो तथा अन्तिम चरणमा प्रथम, द्वितिय, तृतिय, चौथो र पाँचौ देखि १० औं स्थान सम्म छनोट गरी पुरस्कृत गरिनेछ ।

७. प्रतियोगितामा प्रथम हुनेलाई नगद, १५ हजार, द्वितियलाई १० हजार, तृतियलाई ७ हजार, चौथोलाई ५ हजार र पाँचौ देखि दशौं हुनेलाई नगद २ हजारका साथमा प्रमाणपत्र र मेडल प्रदान गरिनेछ । विजेताहरुको नगद चेक मार्फत र प्रमाणपत्र तथा मेडल विद्यालयको ठेगानामा उपलव्ध गराईनेछ भने सवै सहभागीहरुलाई नेपाल ओलम्पिक कमिटीको प्रमाणपत्र उपलव्ध गराइने छ ।

८. प्रतियोगिताका निर्णायक र आयोजकको निर्णयनै छनोटका लागि अन्तिम निर्णय हुनेछ ।

९ सहागितााका लागि पत्र पठाउने अन्तिम मिती २०७८ असार ८ गते साँझ ५:०० बजे सम्म ।

१०. प्रतियोगिताको पहिलो चरण मिती २०७८ असार १० दिउसो ठिक १ बजेबाट शुरु हुनेछ र पहिलो चरणबाट छनोट भएका प्रतियोगीहरुको दोश्रो चरण २०७८ असार १२ गते शनिवार विहान ११ बजेबाट शुरु हुनेछ ।

११. दोश्रो चरणको प्रतियोगिता विभिन्न सञ्चार माध्यमका सामाजिक सञ्जालबाट प्रत्यक्ष प्रशारण गरिनेछ भने प्रथम देखि तृतिय हुनेको भिडियो प्रदेश खेलकुद परिषदको वेवसाइटमा राखिनेछ ।

**पत्राचारको लागि सम्पर्क**


pscgandaki2021@gmail.com

**केशव पाठक, संयोजक ९८५६०२२७०७**
**तारा थापा मगर, सदस्य ९८५६०२०२६५**
**निर्मला बराल, सदस्य ९८५६०२४२१६**
**प्रदेश खेलकुद परिषद, गण्डकी**


**मुल्याकंनका आधारहरु**

१. विषय प्रवेश : ५ अंक
२. विषयवस्तु : १८ अंक
३. प्रस्तुतीकरण : १२ अंक
४. भाषा/शैली : ५ अंक
५. हाउभाउ : ५ अंक
६. साराशं : ५ अंक